सर्वोच्च अदालत
काठमाडौं

# सर्वोच्च अदालतबाट जारी गरिएको सूचना

मिति २०८१।०१।१८
ने.सं. ११४४ चौलागाः ६, मंगलबार

यस अदालतका उपरजिस्ट्रार श्री गोविन्दप्रसाद घिमिरेले काठमाडौं महानगरपालिका वडा नं.४, वालुवाटारमा कार्यालय रहेको सिधा कुरा डटकमका प्रकाशक श्री युवराज कणेल र सो का कार्यकारी सम्पादक नवीन ढुंगानाले **"चारसय बढी भ्रष्टाचारका मुद्दा डिसमिस गराउने सर्वोच्च अदालतका न्यायाधीश सहभागी बैठकको स्टिङ्ग अपरेशन"** शीर्षकमा निजहरूबाट संचालित युटुव च्यानल र निजहरूबाट नै संचालित sidhakurra.com भन्ने Online मा सम्प्रेषित उपरोक्त संचार सामाग्रीले सिङ्गो न्यायपालिका र न्यायकर्मी विरूद्ध अदालतको अवहेलना गरेकोले अदालतको अवहेलनामा कारवाही गरी पाउँ भनी दिएको प्रतिवेदन (०८०-AP-०५५७) दर्ता भै मिति २०८१।०१।१७ गते इजलास समक्ष पेस भएकोमा इजलासबाट प्रत्यर्थीहरूका नाममा ५ बुँदे आदेश जारी भएको अवस्था छ।

उक्त आदेशमा निज प्रत्यर्थीहरूले गरेको कार्य प्रथम दृष्टिमा (Prime Facie) मा नै उक्त सामग्री अदालत, न्यायिक प्रक्रिया र समग्र न्याय प्रणालीप्रति भ्रम र अनास्था पैदा गरी अदालतको गरीमा र मर्यादामा आँच पुऱ्याउने तथा अदालतको न्याय सम्पादनसम्बन्धी कार्यमा अवरोध गर्ने (Scandalizing the Court) उद्देश्यले दुरासयपूर्ण र नियोजित तरिकाले उत्पादन तथा प्रसारण गरेको देखिएकोले मुद्दाको प्रकृति र गम्भीरतालाई दृष्टिगत गरी **"प्रत्यर्थीहरूले सम्पादन तथा संचालन गरेको सिधा कुरा नामक Youtube च्यानलमा मिति २०८१।०१।१४ मा अपलोड गरी सम्प्रेषण गरिएको "चारसय बढी भ्रष्टाचारका मुद्दा डिसमिस गराउने सर्वोच्च अदालतका न्यायाधीश सहभागी बैठकको स्टिङ्ग अपरेशन" शीर्षकको सामग्री तथा त्यसपछि श्रृंखलाबद्ध रूपमा प्रसारण गरी अपलोड गरिएका सोही विषयसँग सम्बन्धित पछिल्लो (follow up) श्रव्य दृष्य सामग्री यो आदेश प्राप्त भएको मितिले २४ घण्टाभित्र हटाउन र यस विषयसँग सम्बन्धित अन्य कार्यक्रम प्रस्तुत निवेदनको अन्तिम निर्णय नभएसम्म उत्पादन, प्रसारण, पुनः प्रसारण लगायत सार्वजनिक गर्ने कुनै कार्य नगर्नु नगराउनु भनी प्रत्यर्थीहरूलाई लेखी पठाउनू** तथा

हटाउन आदेश दिइएको सामग्रीको प्रकृति र संवेदनशिलतालाई हेर्दा त्यस्तो सामग्रीसँग सम्बन्धित समाचारको निरन्तर सम्प्रेषणबाट अदालतप्रतिको आमधारणामा भ्रम उत्पन्न भै न्याय सम्पादनमा निरन्तर अवरोध उत्पन्न हुने स्थिति देखिएकाले प्रत्यर्थीले प्रसारण गरेको सामग्री प्रकाशन, प्रसारण नगर्नु, नगराउनु भनी आम संचार जगतको ध्यानाकर्षण गराइएको छ। सो को कार्यान्वयनका लागि प्रेस काउन्सिल नेपाल र नेपाल पत्रकार महासंघलाई लेखी पठाउनुका साथै यस अदालतका रजिस्ट्रारलेसमेत सार्वजनिक सूचना जारी गर्नु" भन्ने आदेश भएको सन्दर्भमा उल्लेखित सामग्रीको पुनःप्रकाशन, प्रसारण तथा शेयर नगर्नु, नगराउनु भनी सम्बन्धित सबै सरोकारवालाको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

विमल पौडेल
रजिस्ट्रार
सर्वोच्च अदालत।